# प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन

स्नाकोत्तर तह (एम.एड.) शैक्षिक योजना तथा व्यवस्थापन विषयको
आंशिक आवश्यकता परिपूर्तिका लागि शैक्षिक योजना तथा
व्यवस्थापन विभागमा प्रस्तुत शोध


प्रस्तुतकर्ता

नाम रत्न थापा

त्रि.वि. रजिष्ट्रेशन नं. २२८६-८८

परीक्षा रोल नं. २१४०१०८ (दोस्रो वर्ष)

क्याम्पस रोल नं. २६४

शैक्षिक वर्ष २०६४/०६५

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ्ग


२०६६

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

# त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र संकाय

सुकुना वहुमुखी क्याम्पस

इन्द्रपुर मोरङ्ग

स्थापना २०४८

---

## सिफारिस पत्र

सुकुना वहुमुखी क्याम्पस इन्द्रपुर मोरङ्गवाट शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर उपाधीको आंशिक आवश्यकता पूर्तिका लागि मेरो निर्देशनमा र सुपरीवेक्षणमा रत्न थापाले प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन विषयमा यो शोधपत्र तयार पार्नु भएको हो । म उहाँको कार्य प्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रको आवश्यक मुल्याङ्कनको लागी सिफारिस गर्दछु ।

मिति २०६७/०६/१०

शोध निर्देशक

स.प्रा. खगेन्द्र लुइटेल

सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर

मोरङ्ग

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

# त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र संकाय

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर मोरङ्ग

स्थापना २०४८

---

## स्वीकृति पत्र

सुकुना बहुमुखी क्याम्पस शिक्षाशास्त्र संकाय अन्तरगत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तहको निमित्त रत्न थापा द्वारा तयार पर्नु भएको प्राथमिक तहमा स्थानीय पाठ्यक्रमकको कार्यान्वयन तथा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधिको लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ।

**स्वीकृती गर्ने**

| स.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| | श्री लक्ष्मीकुमार श्रेष्ठ | विगाभिय प्रमुख | |
| | श्री खगेन्द्रप्रसाद लुईंटेल | शोध निर्देशक | |

// शोध सार

नेपालमा प्रजातन्त्रको पुनःस्थापना पछि शैक्षिक विकेन्द्रणीकरणको अवधारणा अनुरुप अवलम्वन गरिएको शैक्षिक योजना प्राथमिक तहको स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन हो । यसको प्रयोजनको लागि प्राथमिक शिक्षा पाठ्यक्रममा समावेश गरिएका विषय मध्ये सामाजिक अध्ययन सिर्जनात्मक र शारिरिक शिक्षा वाट २०% २०% र स्थानीय परिवेश अनुकुलको १०० पूर्णाङ्कको विषय छनोट गरी पाठ्यक्रम निर्माण गरी पठन पाठन गर्नु पर्ने प्रावधान प्राथमिक पाठ्यक्रम २०४९ मा व्यवस्था भएर अनुसार स्थानीय पाठ्यक्रमको निर्माण भई कार्यान्वयनमा आएको हो । नेपालको सन्दर्भमा पहिलो चोटि स्थानीीय पाठ्यक्रमका निर्माण स्थानीय सरोकारवालाबाट निर्माण हुनु शिक्षामा शैक्षिक विकेन्द्रीकरण योजनाको प्रारम्भ विन्दुको रुपमा लिन सकिन्छ । यसरी स्थानीय सरोकारवालाको सहभागीता र संलग्नतामा निर्माण भई संचालन र कार्यान्वयनमा आएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । जसमा निर्माण, परिमार्जन, संचालन कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अधिकार कर्तव्य र जिम्मेवारी समेत स्थानीय सरोकारवालामा निहित गरिएको छ ।

नेपाल सानो मुलुक भएता पनि भौगोलिक, जातीय, भाषिक र सांस्कृतिक रुपमा विविधता युक्त रहेको छ । त्यसकारणले पनि राष्ट्रियस्तरमा निर्माण गरिएको पाठ्यक्रमले स्थानीय आवश्यकता चाहना, र स्रोत तथा साधनको प्रतिनिधित्व गर्न नसक्ने र स्थानीय स्रोत तथा साधनको परिचालन गरी स्थानीय आवश्यकता परिपूर्ति गर्ने उद्देश्यका साथ स्थानीय पाठ्यक्रमको निर्माण भएता पनि लामो समयदेखिको आन्तरिक द्वन्द्वका कारण स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनको वर्तमान स्थितिको कस्तो रहेको छ ? यसले स्थानीय भाषामा शिक्षा दिन, समावेशी शिक्षा प्रदान गर्न, विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्न, स्थानीय आवश्यकता स्रोत तथा साधनको पहिचान गर्न र स्थानीय सरोकारवालाहरु आफ्नो अधिकार कर्तव्य र जिम्मेवारी प्रति के कति सचेत रहेका छन् छैनन् ? भन्ने जस्ता प्रश्नहरुको समाधान खोज्ने प्रयास गरिएको छ । विद्यमान लोकतान्त्रिक व्यवस्थाको मूल्य  र मान्यता अनुरुप समावेशी शिक्षा प्रदान गर्नको लागि त्यस संग सम्बन्धित शिक्षा, निति, नियम, शैक्षिक योजना पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा

व्यवस्थापनसंग सम्बन्धित पक्ष प्र.अ. शिक्षक, सरोकारवाला, संघ संस्था, स्थानीय निकाय, पाठ्यक्रम निर्माता, र सरकार समेतलाई यो अध्ययनको औचित्य रहेको छ भने स्थानीय पाठ्यक्रमको कार्यान्वयनको प्रकृया पत्ता लगाउनु, स्थानीय पाठ्यक्रम व्यवस्थापनको लेखाजोखा गर्ने र पाठ्यक्रमले विद्यार्थीको सिकाई उपलब्धीमा पारेको प्रभाव पत्ता लगाउनु यो अध्ययनको उद्देश्य रहेको छ । शोध अध्ययनको मान्यता अनुरुप नेपाल अधिराज्यको भौगोलिक सिमाना र जनसंख्यालाई शोध अध्ययनको परिसीमा मानिएता पनि भौगोलिक विकटता कार्य क्षेत्र, सुगमता आर्थिक तथा भौतिक स्रोत साधन र समय अभावका कारण झापा जिल्ला लखनपुर गा.वि.स अन्तरगतका सम्पूर्ण सामुदायिक प्राथमिक विद्यालय र उक्त विद्यालयका सरोकारवालाहरुलाई यो अध्ययनको परिसीमा कायम गरिएको छ । शोध अध्ययन वैज्ञानिक विधिबाट खोज तथा अनुसन्धान गरी निष्कर्षमा पुग्नको लागि अध्ययन विधिको उपयोग गरिने भएकाले यो अध्ययनमा समाजशास्त्रीय तथा मानव शास्त्रीय शैक्षिक विधिहरु प्रयोग गरिएको छ । सम्भावनारहित नमूना छनौटको आधारमा उद्देश्यमूलक विधिको उपयोग गरी अनुसन्धान गरिएको छ ।

शोध अध्ययनका क्रममा, स्थलगत सर्वेक्षणवाट उपलव्ध तथ्य तथा तथ्याङ्कलाई उद्देश्य अनुसार तालिकीकरण, स्तम्भ चित्र र वृत्त चित्रमा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ । विभिन्न तालिका र स्तम्भ चित्रद्वारा प्रस्तुत गरिएको तथ्याङ्कमा दश संचालित सामुदायिक प्राथमिक विद्यालय र उक्त विद्यालयका सरोकारवालाहरुको स्थानीय पाठ्यक्रम कार्यन्वयन तथा व्यवस्थापनमा देखिएको सहभागिता र सकृयताको लेखाजोखा गरिएको छ कूल सहभागी संख्या ३२.७२% अभिभावक र १८.१८% महिलाले पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनमा सहभागिता हुनुलाई शैक्षिक विकेन्द्रीकरणको प्रारम्भ विन्दु भएको मानिन्छ ।

शोध अध्ययनको क्रममा प्राप्त भएका उपलव्धी र देखापरेका समस्या तथा चुनौतिहरुलाई प्राप्तिका रुपमा लिने गरिन्छ । स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गर्ने प्रकृयामा सरोकारवालाहरुको सहभागीता हुनु, त्यसको संचालन, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने अवसर प्राप्त हुनु, विद्यार्थीको सिकाई उपलव्धीमा वृद्वि हुनु, मातृ र स्थानीय भाषामा शिक्षा प्रदान गर्ने आधार तयार हुनु र शैक्षिक विकेन्द्रीकरणमा सरोकारवालाको अधिकार, कर्तव्य र जिम्मेवारीको वोध हुनुलाई उपलव्धीका रुपमा लिन

सकिन्छ भने स्थानीय पाठ्यपुस्तकको निर्माण नुहुन, शिक्षक तालिमको आवश्यकता खड्किनु र विद्यालयमा पर्याप्त स्थानीय पाठ्यक्रमको व्यवस्था नहुनलाई पनि शोध अध्ययनमा प्राप्तिको रुपमा लिइन्छ । शोध अध्ययनका क्रममा चुनौती तथा प्राप्त भएका समस्याहरुलाई समाधान गर्नको लागि स्थानीय पाठ्यपुस्तक निर्माण गरिनु पर्ने, शिक्षक तालिम र अवलोकन भ्रमण गरिनु पर्ने विद्यालयमा शैक्षिक वातावरण निर्माण हुनुपर्ने, मातृ तथा स्थानीय भाषामा शिक्षा प्रदान गरिनु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरिएको छ भने शिक्षासंग सम्बन्धित शैक्षिक योजना तथा कार्यक्रम निर्माण र संचालन गर्ने, संघ-संस्था, विद्यालय स्थानीय संकाय सरोकारवाला, शोध अध्ययनकर्ता पाठ्यक्रम निर्माता शिक्षाविद र सरकारलाई समेत यो शोध सहयोगी हुने सुझाव समावेश गरिएको छ ।

## कृतज्ञता ज्ञापन

त्रिभुवन बिश्वबिद्यालय शिक्षा शास्त्र संकाय अर्न्तगत शैक्षिक योजना तथा ब्यावस्थापन बिषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागी यो शोधपत्र सुकुना बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यव्स्थापन बिभागमा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रको बिषय प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन रहेको छ ।

नेपालमा प्रजातन्त्र पुन स्थापना पछि शैक्षिक बिकेन्द्रिकरण योजनाको रुपमा आएको स्थानीय पाठ्यक्रमको कार्यान्वयनको बर्तमान अबस्था के कस्तो रहेको छ भन्ने कुराको बिश्लेषण गर्ने प्रयास गरिएको छ । पाठ्क्रम कार्यन्वयन तथा व्यवस्थापनमा देखिएका समस्याहरु र निराकरणका उपायहरु खोज्ने प्रयास भएको छ ।

सर्वप्रथम यो शोधपत्र तयार गर्न ठूलो हौसला अवसर प्रेरणा र अभिरुची जगाई सल्लाह, सुझाव र निर्देशन प्रदान गर्नुहुने सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर मोरङ्गका शैक्षिक योजना तथा व्यवस्थापन विभागका प्रमुख उपप्राध्यापक लक्ष्मीकुमार श्रेष्ठज्यूमा म हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी मेरो अध्ययन कार्यमा शोध निर्देशक गर्नुहुने स प्राध्यापक खगेन्द्रप्रसाद लुईंटेललाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

स्थलगत अध्ययनका क्रममा सूचना तथा तथ्याङ्क उपलव्ध गराई सहयोग गर्नु हुने श्री मंगलमय मा.वि.का ओमप्रसाद खनाल, सरस्वती मा.वि. लखनपुर ८ का प्र.अ दुर्गा सेढाई, शहिद रत्न प्रा.वि. लखनपुर १ का प्र.अ. हरि चौलागाई, पञ्चकन्या प्रा.वि लखनपुर ४ का प्र.अ. थुमनाथ धिमिरे, अरनिको प्रा.वि लखनपुर ९ का प्र.अ. इन्द्र के.सी, गुहेश्वरी निमावि लखनपुर १ का प्र.अ. वासु सापकोटा सिद्धदेवी प्रा.वि लखनपुर १, का शिक्षक गणेश ढकाल पिङडाँडा प्रा.वि लखनपुर ५ का शिक्षक नयनदिपक खनाल, वाणी मा.वि लखनपुर ३ का होम वा. मगर श्री सिंहदेवी प्रा.वि लखनपुर ५ का शिक्षक पुष्पराज दाहाल र विभिन्न विद्यालयका व्यवस्थापन तथा शिक्षक अभिभावक संघका पदाधिकारीज्यूमा समेतमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

साथै शैक्षिक अवसर प्रदान गर्नुहुने मेरा आदरणीय माता-पिता र शोध लेखनका क्रममा हर किसिमको सहयोग गर्ने मेरी श्रीमती सीता थापालाई समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा छोटो समयमा परिश्रमपूर्वक होशियारीका साथ शोध पत्र कम्प्युटर प्रिन्ट तथा छपाई गरी सहयोग गर्नुहुने दमक डेस्कटप एण्ड डिजिटल सर्भिसका प्रोपाइटर लिलाराज चम्लागाईलाई समेत धन्यवाद प्रकट गर्दछु ।

मिति : २०६७/०६/१०

रत्न थापा

एम.एड. दोस्रो वर्ष

# विषयसूची


सिफारिस पत्र i
स्वीकृति पत्र ii
शोध सार iii
कृतज्ञता ज्ञापन vi

परिच्छेद : एक
परिचय

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ४
१.३ अध्ययनको औचित्य ५
१.४ अध्ययनको उद्देश्य ५
१.५ अनुसन्धानात्मक प्रश्न ५
१.६ अध्ययनको परिसीमा ६
१.७ शब्दहरुको परिभाषा ६

परिच्छेद : दुई
सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

२.१ सैद्धान्तिक खाका ८
२.२ सम्बन्धित साहित्यको पुनरावलोकन १०
२.३ शैक्षिक उपादेयता १२

परिच्छेद : तीन
अध्ययन विधि

३.१ अनसुन्धानात्मक ढाँचा १४
३.२. तथ्याङ्क संकलन प्रकृया १४
३.२.१ जनसंख्या १४
३.२.२ नमुनाको आकार १४
३.२.३ नमूना छनौटको विधि १४
३.२.४ नमूना छनौटको आधार १५
३.३ अनुसन्धानका साधन १५
३.४ तथ्यांकका स्रोतहरु १५
३.५. तथ्याङ्कको प्रस्तुत, विश्लेषण र व्याख्या १५

परिच्छेद : चार

तथ्याङ्कको विश्लेषण र व्याख्या १६

## परिच्छेद : पाँच
## प्राप्ति, निष्कर्ष र सुझाव

५.१ प्राप्तिहरु ३०
५.२ निष्कर्ष ३१
५.३ सुझावहरु ३२

पेज नं.

१. सन्दर्भ सामग्री i

२. अनुसूचि

प्रधानाध्यापकसंग सम्बन्धित प्रश्नावली ii

शिक्षकसंग सम्बन्धित प्रश्नावली iii

विद्यार्थीसंग सम्बन्धित प्रश्नावली iv

वि.व्य.स., अध्यक्ष तथा सदस्यसंग सम्बन्धित प्रश्नाली v

३. स्रोत व्यक्तिको अभिव्यक्ति iv

४. नमुनाको आकार vii

शिक्षक तथा वि.व्य.स. विवरण

विद्यालयगत विद्यार्थी विवरण

विषयगत सिकाई उपलब्धी कक्षा (१-५)

तालिका नं.

१ प्रधानाध्यापक भेलाको उपस्थिति विवरण २१

२ वुद्धिजीविहरुको भेलाको सहभागि विवरण २३

३ स्थानीय पाठ्यक्रम कार्यान्वयन कार्यशालामा सहभागीहरुको विवरण २४

४ पाठ्यक्रम व्यवस्थापन सम्बन्धी गोष्ठीमा सहभागी शिक्षक विवरण २६

५ आमा भेलामा सहभागि आमाहरुको उपस्थिति विवरण २७

६ विद्यालयगत विद्यार्थी विवरण २८

७ शिक्षक तथा व्यवस्थापन समितिको विवरण २९

८ विद्यालयगत शिक्षक विवरण ३०

९ कक्षागत विद्यार्थी विवरण ३१

१० विषयगत सिकाई उपलब्धी २०६५ ३२
११ विषयगत सिकाई उपलब्धी २०६६ ३२